# सञ्चारिका लेखमाला
# Sancharika Feature Service

Sancharika Samuha
समानताको लागि सञ्चार
Community for Equality

वर्ष १० अंक १२ मासिक मंसिर/पुस December, 2007



- *परिमार्जन गर्नुपर्छ कथामा नारी चरित्र*
  **लोककथाका सन्देशलाई नियाल्दा** — ✍ शान्तिबन्दना पौडेल
- *बन्दले खोस्यो जागिर*
  **मर्कामा यातायात व्यवसाय** — ✍ चम्पा राना
- *बेपत्ताका आफन्तको पीडा*
  ***आँसु पुछ्ने प्रयास भएन*** — ✍ शारदा शर्मा
- *घरपरिवार र जिन्दगी बर्बाद भएपछि*
  **मदिराविरुद्ध जागे महिला** — ✍ रमा चन्द
- *पर्यटक बढेपछि व्यवसायी खुसी*
  **मूल्य बढ्यो होटलको** — ✍ नितु पण्डित
- *क्रिकेटर बन्न लागे दृष्टिविहीन महिला*
  **दृष्टिविहीन विश्वकप जित्ने तयारीमा** — ✍ रीता गुरुङ
- खान नपुग्ने भए लहना लगाउने
  **तरकारीले बदल्यो जीवन** — ✍ संगीता पाण्डेय




## सञ्चारिका समूह/नेपाल

# परिमार्जन गर्नुपर्छ कथामा नारी चरित्र

*परम्परागत लोककथाहरूले महिलालाई राम्री, सुशील, सहनशील र आज्ञाकारी हुनुपर्नेजस्ता पात्रको रूपमा प्रस्तुत गरेको पाइन्छ । अब तिनलाई पुनर्लेखन वा परिमार्जन गरेर लैंगिक मैत्री बनाउनुपर्छ ।*

✍ **शान्तिबन्दना पौडेल**

**म्यागदी**/ म्याग्दी बहुमुखी क्याम्पसमा बी.ए. पढ्ने अठारवर्षे किशोरीले पाँच कक्षामा पढ्दाको कुरा आफ्नो डायरीमा यसरी लेखेकी छिन्, 'अङ्ग्रेजी किताबमा भएको एउटा दन्त्यकथा पढेपछि ममा एकाएक परिवर्तन आयो । त्यो र्‍यापुन्जेल नाम गरेकी सुन्दरीको कथा थियो । म अनौठोसँग एकोहोरिन्थेँ । आफूलाई र्‍यापुन्जेलसँग तुलना गर्न थालेँ । र्‍यापुन्जेलजस्तै सुन्दर बन्न पाए हुन्थ्यो भन्ने भावना जाग्थ्यो । उसको जस्तै लामो कपाल मेरो कहिले हुनेहोला भन्ने कुराले मन हुँडलिरहन्थ्यो । साँच्चि अहिले सम्झँदा पनि लाज लाग्छ, तर एक समय मैले होमवर्क गर्ने पूरै समय ऐना हेरेरै बिताइदिन्थेँ ।'

पुराना डायरीहरू खोतल्नुस् त तपाईंसँग पनि यस्तै कहानीहरू छन् कि ? नाम नलेख्ने वाचा गराएर मात्र डायरी देखाउन तयार भएकी थिइन् उनी । भन्छिन्, 'त्यसबेला म र्‍यापुन्जेलकी फ्यान बनेकी थिएँ ।'

धेरैजसो लोककथामा महिला पात्रलाई कि त दुष्ट, बोक्सी, राक्षसनी वा सौतेनी आमाको रूपमा देखाइन्छ । अर्कोतिर पुरुष पात्रहरूचाहिँ बहादुर, जवान, राजकुमार, विद्वान् लडाकु वा यस्तै भूमिकामा देखाइन्छ । म्याग्दी बहुमुखी क्याम्पसका प्राध्यापक टीकाराम सापकोटा भन्छन्, 'यस्ता लोककथाले किशोरीहरूको आत्मविश्वासमा नजानिँदो पाराले ठेस पुर्‍याउँछन् ।'

मधुमालतीको कथा पढेर रुने केटीहरूमध्ये एक हुन् सरिता शर्मा । मधुकर र मालतीको वियोगमा सोहवर्षे सरिता नराम्ररी छटपटाएको अनुभव सुनाउँछिन् । मालतीलाई वायुपंखी घोडामा राखेर समुद्रको माथिमाथि उड्दै गर्दा एक्कासि घोडाको पुच्छर समात्न पुगेका राक्षसनीहरू सम्झेर सरिता एक दिन सपनामै चिच्याइन् ।

उता बहादुर राजकुमार दिक्पालको कथाले तेह्रवर्षे बालक सागरलाई जोस्यायो । बलवान्

*कथा सुनाइसकेपछि कथा भन्ने हजुरआमा, हजुरबाले केटाको चिउँडो मुसार्दै भन्छन्, 'तिमी पनि भोलि यस्तै बहादुर बन्नुपर्छ है बाबु ।' तर, केटीलाई कहिल्यै पनि दुष्टहरूसँग लडाइँ गर्ने उपदेश दिँदैनन् । कथाकार लक्ष्मीले थपिन्, 'यहीँनिरबाट केटीहरूको आत्मविश्वास ढलमलाउन सुरु हुन्छ ।' केटीहरूको अगाडि केटाहरूलाई बहादुर हुने आशीर्वाद दिएपछि केटाहरूको हेपाहा प्रवृत्ति सुरु हुने लक्ष्मीको ठहर छ ।*

दिक्पालले राक्षसहरूलाई मारेर दरबार फर्केपछि सागर र उनका साथीहरू नाचे । उफ्रे । दिक्पालको कथाबाट के सिक्यौ बाबु ? सागरले भने, 'म पनि ठूलो भएर दिक्पाल दादाले जस्तै राक्षसलाई मार्नुपर्छ भन्ने कुरा सिकेँ ।'

लोककथा हाम्रा लोकसंस्कृति हुन्, सम्पत्ति हुन् । यसलाई बालसाहित्यअन्तर्गत हेरिएको छ । सामान्यतया पाँचदेखि १६ वर्षसम्मका बालबालिका लोककथाका पारखी हुन्छन् । 'पुरानो र नयाँ पुस्ताका बीचमा सुमधुरता ल्याउन यिनको ठूलो महत्व रहन्छ ।' कथाकार लक्ष्मी पौडेल भन्छिन्, 'पुरानो र नयाँ संस्कृतिको तुलनात्मक अध्ययन गर्न पनि यी कथा उपयोगी हुन सक्छन् ।' लोककथा सुन्नका लागि घरको पिँढीमा, चौतारीमा र खुल्ला चौरमा केटाकेटीहरू बूढाबूढीलाई घेरेर बसेका दृश्यहरू गाउँघरमा अझै देख्न सकिन्छ ।

*'एकादेशमा एउटी सुन्दर टुहुरी केटी थिई। ऊ कडा परिश्रम गर्थी, बदलामा पाउँथी सौतेनी आमाको टोकसो। एक दिन ऊ वनमा घाँस काट्दै सुरिलो स्वरमा गीत गाउँदै थिई। कतैबाट एउटा सुन्दर जवान टुप्लुक्क आइपुग्यो...।' तपाईंलाई थाहै छ यो कथाको अन्त्य कसरी हुन्छ। पक्कै पनि त्यो टुहुरी केटीले सबै पीडा त्यो जवान केटोलाई भन्ली। केटो केटीको रूप देखेर मोहित बन्ला। उनीहरू प्रेममा पर्लान्। बिहे गर्लान्। अनि त्यो केटीका सुखका दिन सुरु होलान् होइन त ?*

कथा सुनाइसकेपछि कथा भन्ने हजुरआमा, हजुरबाले केटाको चिउँडो मुसार्दै भन्छन्, 'तिमी पनि भोलि यस्तै बहादुर बन्नुपर्छ है बाबु।' तर, केटीलाई कहिल्यै पनि दुष्टहरूसँग लडाइँ गर्ने उपदेश दिँदैनन्। कथाकार लक्ष्मीले थपिन्, 'यहीँनेरबाट केटीहरूको आत्मविश्वास ढलमलाउन सुरु हुन्छ।' केटीहरूको अगाडि केटाहरूलाई बहादुर हुने आशीर्वाद दिएपछि केटाहरूको हेपाहा प्रवृत्ति सुरु हुने लक्ष्मीको ठहर छ।

बालबालिकाहरू अत्यन्तै संवेदनशील हुन्छन्। उनीहरूको मस्तिष्कलाई कस्तो आकार दिने भन्ने कुरा घर, परिवार, समाज र विद्यालयको वातावरणमा भर पर्छ। व्यक्तिको शारीरिक, मानसिक तथा सामाजिक विकासका हिसाबले पनि यो उमेर महत्वपूर्ण हुन्छ। बालकथाकार भक्त कार्की भन्छन्, 'बालबालिकालाई संस्कार सिकाउने हात लोककथाहरूमा पनि उत्तिकै छ।' तर, केटीहरूलाई पुरानै शैलीमा बाँच्ने दबाब यी कथाले पार्न सक्नेमा कथाकार कार्की पनि सहमत छन्। भन्छन्, 'लोककथामा राम्रा र नराम्रा दुवै पक्ष उत्तिकै छन्।'

'एकादेशमा एउटी सुन्दर टुहुरी केटी थिई। ऊ कडा परिश्रम गर्थी, बदलामा पाउँथी सौतेनी आमाको टोकसो। एक दिन ऊ वनमा घाँस काट्दै सुरिलो स्वरमा गीत गाउँदै थिई। कतैबाट एउटा सुन्दर जवान टुप्लुक्क आइपुग्यो...।'

तपाईंलाई थाहै छ यो कथाको अन्त्य कसरी हुन्छ। पक्कै पनि त्यस टुहुरी केटीले सबै पीडा त्यो जवान केटोलाई भन्ली। केटो केटीको रूप देखेर मोहित बन्ला। उनीहरू प्रेममा पर्लान्। बिहे गर्लान्। अनि त्यो केटीका सुखका दिन सुरु होलान् होइन त ?

यस्ता कथामा नायिकाले जतिसुकै विपत्ति परे पनि आत्मरक्षाको कुनै कदम चाल्दिन। दुःखपर्दा रोइदिन्छे। एकदमै थोरै तर ज्यादै मीठो बोल्छे। ऊ घरभित्रका कामहरू जस्तै खाना पकाउने, लुगा धुने, कोठा सजाउने काममा व्यस्त रहन्छे। घरदेखि बाहिर कहिल्यै निस्कन्न। निर्णय लिने काम कहिल्यै उसको हुँदैन। नायकले जे भन्छ र चाहन्छ चुपचाप स्वीकारिदिन्छे।

'कथामा नायिकाको यस्तो भूमिका सुनेका किशोरीहरूमा कस्तो असर पर्ला ?' नेपाल प्राध्यापक सङ्घ एकाइ समिति म्याग्दीका सभापति तारानाथ शर्मा भन्छन्, 'केटी यदि सुन्दर, शान्त र निष्क्रिय छे भने उसको मूर्खता र अक्षमता पनि स्वीकार्य हुनसक्छ भन्ने सन्देश यी कथाले दिइराखेका छन्, यसले गर्दा किशोरीहरू क्षमताको विकासमा भन्दा पनि सुशील, शान्त र सुन्दर बन्नतिर व्यस्त हुन सक्छन्।'

नायिकाको लजालु स्वभावको कथामा सधैँ प्रसंशा हुन्छ। उसको आज्ञाकारिताको कदर गरिएको हुन्छ। नायिका रुनुलाई सामान्य मानिन्छ। अर्थात् उसका कमजोरीलाई तारिफ गरिन्छ। म्याग्दी बहुमुखी क्याम्पसमा पढाउने रेखा रेग्मी भन्छिन् 'यो केटीहरूलाई कमजोर पार्न समाजले रचेको खेल हो, किशोरीलाई पुरानै संस्कारले बाँधिराख्ने डोरी हो।'

त्यसो भए अब के गर्ने त ? लोककथाको अन्त्य हितकारी होला त ? 'अँ हँ' बालकथाकार कार्की भन्छन्, 'यो त झनै दुःखदायी कुरा भयो। लोकसंस्कृतिको संरक्षण पो गर्नुपर्छ।' बरु यस्ता कथा परिमार्जन गर्नु बुद्धिमानी हुने कार्कीको तर्क छ। त्यसो त चाहेर पनि लोककथाको अन्त्य असम्भव देखिन्छ। कार्की भन्छन्, 'अब परम्परागत लोककथालाई पुनर्लेखन गर्नुपर्छ।'

पहिले-पहिले लोककथा कथ्यरूपमा मात्र आउँथे। तर, अब छापिन थालेका छन्। कथाकार लक्ष्मी भन्छिन्, 'अब लोककथालाई यसरी मोड्नुपर्छ जसले लैङ्गिक समानताको बाटोमा सहयोग गरून्।'

महिलालाई कमजोर पार्ने, होच्याउने खालका कथा पाठ्यक्रमबाटै हटाउनुपर्ने बेनी सामुदायिक

माविका प्रधानाध्यापक तीर्थ श्रेष्ठ बताउँछन् । श्रेष्ठ भन्छन्, 'पाठ्यपुस्तकमै यस्ता कथा पढाउनुपर्छ अनि के गर्ने ?'

विशेषगरी कक्षा ४ र ५ को अङ्ग्रेजी विषय र कक्षा ९ को नेपाली विषयमा यस्ता कथा छन् । कतिपय बोर्डिङले अङ्ग्रेजी भाषामा यस्ता कथालाई अतिरिक्त विषयका रूपमा समेत राख्ने गरेको पाइन्छ । पाठ्यक्रममा समावेश भएका त्यस्ता कथा नचाहेर पनि चर्चा गर्नुपर्ने बताउँछन् शिक्षक-शिक्षिका । 'पाठ्यक्रममै भएकाले नायिकाको सुशील, शान्त स्वभावको चर्चा गर्नुपर्ने अवस्था छ,' रेग्मी भन्छिन्, 'नयाँ पाठ्यक्रममा नयाँ कथाहरू राखिनुपर्छ, लोककथालाई महिलाको पक्षमा मोड्न सके उनीहरूको सशक्तीकरणमा तिनै कथा बलिया अस्त्र हुनेछन् ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# बन्दले खोस्यो जागिर

*राजनीतिक दलदेखि लिएर विभिन्न सङ्घ/संस्थाहरूसमेत आफ्ना माग पूरा गराउन बन्दबाहेक अरू उपाय अपनाउँदैनन् । उनीहरूले बारम्बार गर्ने गरेको बन्दले देश भरका चार लाख यातायात मजदुरको रोजीरोटी खोसिने गरेको छ । त्यसबारे दल, सरकार र बन्दका आयोजकहरूले उनीहरूका बारेमा सोचेको देखिन्न ।*

**✍ चम्पा राना**

बुटवल/ बुटबलका शिव चौधरी ट्रकमा काम गर्ने खलाँसी हुन् । तर, आजभोलि उनी धेरै समय खेतबारीमा काम गरिरहेका हुन्छन् । दिनहुँजसो हुने बन्द, हड्तालका कारण ट्रक गुड्न नपाएपछि उनको दैनिक ज्यालादारी पनि बन्द भयो । आफू र आफ्नो परिवारका लागि बिहान-बेलुकाका लागि जोहो गर्न पनि आजभोलि उनी अरूकोमा खेताला जाने गर्छन् । ट्रक नचलेका बेला कहिले आलुबारीमा त कहिले गहुँबारीमा काम गर्न पुग्छन् उनी ।

'नेपाल बन्द भए पनि खाने मुख त बन्द हुँदोरहेनछ', सिधा जवाफ फर्काउँदै उनले भने, 'खानका लागि जे काम पनि गर्नुपर्‍यो ।' विभिन्न आन्दोलन र विरोधका नाममा महिनाका आधाभन्दा बढी दिन बन्द हुने तराई क्षेत्रमा अहिले उनी मात्रै होइनन्, धेरै यातायात मजदुरले ज्यालादारीमै भए पनि अन्य वैकल्पिक काम नखोजी सुखै छैन । 'कतिबेला कहाँ बन्द हुन्छ भन्न सकिँदैन,' उनले थपे, 'गाडी चलेपछि मात्रै काम पाइने हो, काम पाइए पैसा पाइने हो, तर गाडी नचले पनि परिवार त पाल्नैपर्‍यो ।'

०६४ मङ्सिर १३ गते माओवादी निकट वाईसीएलले रूपन्देही बन्द गर्‍यो । त्यतिबेला उनी आलु रोप्नका लागि खेतबारी खन्दै थिए । तर, किन बन्द भएको भन्ने जानकारी उनलाई थिएन । 'नेपालमा आजभोलि किन सधैँ बन्द र जाम हुन्छ, मलाई थाहा छैन । यति थाहा छ, बन्द भयो भने गाडी चल्दैन' चौधरीले भने, 'गाडी नचले साँझ-बिहानको खर्च जुट्दैन ।'

*'नेपाल बन्द भए पनि खाने मुख त बन्द हुँदोरहेनछ', सिधा जवाफ फर्काउँदै उनले भने, 'खानका लागि जे काम पनि गर्नुपर्‍यो ।' विभिन्न आन्दोलन र विरोधका नाममा महिनाका आधाभन्दा बढी दिन बन्द हुने तराई क्षेत्रमा अहिले उनी मात्रै होइनन्, धेरै यातायात मजदुरले ज्यालादारीमै भए पनि अन्य वैकल्पिक काम नखोजी सुखै छैन ।*

यसै त यातायात मजदुरले पाउने ज्याला एकदमै न्यून हुन्छ । दैनिक गाडी चलाउन पाए मात्र भत्ता पाउने हो । भत्ता पाउन गाडी चल्नैपर्छ । भत्ताको भरमा बाँच्नुपर्छ । जति बढी ट्रिप गर्न पायो उति नै बढी भत्ता हुन्छ । तर, लगातार रूपमा गाडी नै चल्न नपाएपछि के गर्ने ? मजदुर नेता श्रीधरप्रसाद श्रेष्ठ भन्छन्, 'बारम्बार

*बन्दमा गाडी चलाउन नपाउँदा विष्णु थापा रिक्सा चलाउँछन् । 'बुबा दमका बिरामी छन् । आमा मकै पोलेर बेच्छिन्, त्यो पनि सिजनमा मात्रै । के गर्ने ? गुजारा चलाउन रिक्सा भए पनि चलाउनैपऱ्यो,' उनले भने । थापाले बन्दमा आफूजस्ता धेरै चालक, खलाँसी र कन्डक्टरले रिक्सा चलाएर गुजारा गरेको बताए । उनले भने, 'सधैँ गाडी चलाउँदा त हामीलाई कोठाभाडा तिर्न र दैनिक खर्च चलाउन धौ-धौ पर्छ । अझ बन्दको बेला त बिचल्ली नै हुन्छ ।'*

भइरहने बन्दको कारण गाडीले धेरै ट्रिप गर्न नपाउँदा मजदुरलाई साँझ-बिहानको छाक टार्नसमेत धौ-धौ पर्छ ।' अहिले नेपालभर यातायात क्षेत्रमा काम गर्ने चार लाख मजदुर रहेको अनुमान छ ।

यातायात मजदुरका अनुसार बन्दको बेला गाडी चलाउन पाइएन भनेर मात्र सुख छैन । यस्तो बेला उनीहरू प्रशासन र बन्द आह्वानकर्ताको दोहोरो मारमा पनि पर्ने गरेका छन् । बन्दको बेला प्रशासनले गाडी कब्जा गर्ने, चालकको लाइसेन्स खोसिदिने र जबर्जस्ती गाडी चलाउन निर्देशन दिने गर्छन् । बन्द आह्वानकर्ताले पनि गाडीमा ढुङ्गामुढा गर्ने, आगो लगाइदिने, ड्राइभरमाथि नै आक्रमण गर्ने गर्दछन् ।

'बन्दमा गाडी चलाउँदा ज्यानको सुरक्षा हुँदैन । नचलाउँदा घरमा खाने खर्च हुँदैन, हामीले के गर्ने ?,' आफ्नो व्यथा सुनाउँदै गाडीचालक विष्णु क्षेत्री भन्छन्, 'यस्तै बन्दमा झन्डै मेरो ज्यान गएको थियो ।' ०६१ कै चैतमा माओवादीले आह्वान गरेको बन्दको बेला प्रशासनको दबाबमा उनले गाडी चलाउनुपऱ्यो । तर माओवादीले उनलाई गाडी चलाएकोमा धरपकड गऱ्यो र गोलीसमेत हान्ने धम्की दियो ।

ठूल्ठूला माग पूरा गराउनदेखि लिएर स-साना झैझगडा नमिल्दासम्म बन्द गर्ने, बाटो जाम गर्ने चलन बढिरहेको छ अहिले । कहिले नेपाल बन्द, कहिले उपत्यका बन्द, कहिले तराई बन्द, कहिले जिल्ला बन्द, कहिले पूर्व बन्द, कहिले पश्चिम बन्द । देशमा बन्दको क्रम जारी छ । गत वर्ष २०६३ को साउनदेखि फागुनसम्ममा मात्रै आठ महिनामा चितवन र त्यसको आसपासमा पर्ने राजमार्गमा ४४ पटक चक्काजाम र एक दर्जनभन्दा बढी बन्द भएका थिए ।

नेपालमा बन्द र चक्काजामको सुरुवात गर्ने राजनीतिक दल नै हुन् । अहिले सबैजसो मुख्य राजनीतिक दल सरकारमा छन् । उनीहरूले सुरु गरेको परम्परालाई निरन्तरता दिने दल र सङ्घ/संस्थाहरूको सङ्ख्या भने बढ्दो छ । जनताको नाम दिएर आफ्नो स्वार्थपूर्तिका लागि गरिने यस्ता बन्द र जामबाट मजदुर नै मर्कामा परेका छन् ।

बन्दमा गाडी चलाउन नपाउँदा विष्णु थापा रिक्सा चलाउँछन् । 'बुबा दमका बिरामी छन् । आमा मकै पोलेर बेच्छिन्, त्यो पनि सिजनमा मात्रै । के गर्ने ? गुजारा चलाउन रिक्सा भए पनि चलाउनैपऱ्यो,' उनले भने । थापाले बन्दमा आफूजस्ता धेरै चालक, खलाँसी र कन्डक्टरले रिक्सा चलाएर गुजारा गरेको बताए । उनले भने, 'सधैँ गाडी चलाउँदा त हामीलाई कोठाभाडा तिर्न र दैनिक खर्च चलाउन धौ-धौ पर्छ । अझ बन्दको बेला त बिचल्ली नै हुन्छ ।'

जीपचालकशेरचन्द थापा दिनहुँजसो हुने चक्काजाम र बन्दका कारण मानसिक तनाव झेल्नुपरेको बताउँछन् । 'अहिलेको अवस्थामा बाँच्नुभन्दा मर्नु जाती जस्तो भइसक्यो,' पीडा सुनाउँदै थापा भन्छन्, 'दिनहुँजसो बन्द हुन्छ । गाडी चलाउन नपाउँदा भत्ता मर्छ । यस्तै भत्ता मरे हामी पनि मर्छौं ।'

पश्चिमाञ्चल बस व्यवसायी समितिका अध्यक्ष तुल्सी बन्जाडे बन्दले मजदुरसँगै यातायात व्यवसायीलाई ठूलो मर्का पारेको बताउँछन् । भन्छन्, 'बन्दका कारण यातायात व्यवसायी पनि ऋणमा चुर्लम्म डुबेका छन् ।'

यातायात व्यवसायी सूर्य सारु लामो समय बन्द हुँदा गाडीमालिकले पनि खर्च धान्न नसक्ने बताउँछन् । उनी गाडी किनेको ऋण तिर्न नसक्दा आफैं ऋण खोजेरै भए पनि विदेश जाने सोचमा छन् ।

नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनका केन्द्रीय सदस्य राजेन्द्र रिजाल शान्ति-सम्झौतापछि बन्दको स्थितिमा २५ प्रतिशत जति सुधार आएको बताउँछन् । उनी भन्छन्, 'शान्ति-सम्झौताअघि हुने बन्द र अहिलेको बन्दमा केही फरक छ । पहिला धेरैजसो राजनीतिक दलहरूले बन्द गर्थे । अहिले दुई व्यक्तिको झगडा हुँदा पनि बाटो जाम हुन थालेको छ ।'

गृह मन्त्रालयले देशका विभिन्न १५ राजमार्ग र राजमार्गबाट सदरमुकाम जोड्ने सडकलाई चक्काजाम निषेधित क्षेत्र घोषणा गरेको छ । मन्त्रालयले असोज १६ गते आदेश उल्लङ्घन गर्ने जोकोहीलाई पनि प्रमुख जिल्ला अधिकारीले ६ महिनासम्म कैद सजाय र १० हजार रुपैयाँ जरिवाना गर्ने सूचना निकालेको थियो । तर, बन्द र चक्काजाम गर्ने काम रोकिएको छैन ।

बन्दकै कारण यातायात व्यवसायी र मजदुरहरू विदेश पलायन हुने क्रम बढ्दो छ। रूपन्देही बाँसगढीका प्रेम थापा सधैं हुने बन्दबाट दिक्क भएर मलेसिया गएका थिए। ३ वर्षपछि स्वदेश फर्केका थापा भन्छन्, 'अहिले त देशमा शान्ति भयो होला भनेको पहिलेको जस्तै रहेछ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# बेपत्ताका आफन्तको पीडा

*एकै दिन बेपत्ता पारिएका दाङ डुरुवाका ६ जना युवाका परिवारको विजोग र विलौनाले देखाउँछ- बेपत्ताका आफन्त अहिले पनि कति ठूलो पीडा बोकेर बाँचिरहेका छन्। तर, शान्ति-प्रक्रियामा आएका माओवादी र सरकार कसैले पनि उनीहरूको आँसु पुछ्ने प्रयास गरेको देखिन्न।*

**✍ शारदा शर्मा**

**दाङ/** देश शान्ति-प्रक्रियामा प्रवेश गरेको दुई वर्ष भइसक्यो, सशस्त्र द्वन्द्व समाप्त भई बृहत् शान्ति-सम्झौतामा सरकार-माओवादीले हस्ताक्षर गरेकै एक वर्ष नाघिसक्यो। दस वर्ष युद्ध लड्ने माओवादी संसद्-सरकारमा छन्। माओवादी सेना सरकारी भत्ता खाएर बसेका छन्। तर, दाङ डुरुवा गाविसका महिलाका आँखामा शान्ति आएको छैन। धेरैका लोग्ने र छोराछोरी हराएको पाँच वर्ष बितिसक्यो। यतिबेलासम्म आफन्त बेखबर छन्।

२४ वर्षीया सोमाली चौधरीका आँखा नओभाएको वर्षौं भयो। उनी जतिबेला पनि बर्बराइरहन्छिन्, 'गुरुवा पूजा गर्न गएका मेरा लोग्नेलाई सेनाले पक्रेको हो, त्यसपछि खोज्दै नेपालगन्जसम्म पुगें, सेनाले ल्याएकै छैन भन्छ, मेरा लोग्ने कहाँ गए त ?' २०५९ भदौ २१ गतेको कुरा हो यो। वर्षाको समय थियो। सिमसिम पानी परिरहेको थियो, गाउँका सबै किसान खेतीपातीमा व्यस्त थिए, केही थारू युवा गाउँनजिकैको चौवाखोला बगरमा गुरुवा पूजा (थारू समुदायको धार्मिक पूजा) गर्दै थिए। एक्कासि तुल्सीपुरबाट सेना आइपुग्यो। पूजा गरिरहेका थारू युवाहरूलाई लछारपछार गर्दै लग्यो। त्यसमध्ये एक थिए सोमालीका लोग्ने कुइरा चौधरी। आफ्नै आँखाले यो सब देखेकी सोमालीको मन अहिलेसम्म पनि लोग्ने फर्केर नआउँदा कसरी थामियोस् ? 'यत्तिका वर्ष भइसक्दा पनि लोग्ने फर्केर आउँदैनन्, यी बालबच्चा म कसरी पालूँ ?' छेउमै रहेका ६ जना बच्चा देखाउँदै उनी विलौना पोख्छिन्।

ठ्याक्कै यस्तै पीडा छ, ४१ वर्षीया शर्मिला चौधरीको पनि। उनका २१ वर्षीय छोरा जागी चौधरी पनि पाँच वर्षदेखि हराएका छन्। छोरो सम्झेर उनी जतिखेर पनि भक्कानिएर रुन्छिन्। रुँदारुँदा अब त आँसु पनि सुकिसक्यो। वेदनामा डुबेर उनी भन्छिन्, 'मेरो छोरो आएन, छोरा खोई भन्दा कोही बोल्दैनन्। कि छोरा ल्याइदिनुपर्‍यो, नभए सहारा दिनुपर्‍यो।' शर्मिलाका लोग्ने शारीरिक रूपमै कमजोर छन्, आर्थिक अवस्था पनि राम्रो छैन। ९ जनाको परिवार अर्काको जग्गामा अधियाँबाली लगाउने र ज्याला-मजदुरीको कामबाटै पालिएको थियो। काम गर्ने र अलि बलियोबाङ्गो भनेकै जागी थिए, उनी नै नभएपछि परिवारको विजोग छ।

*२० वर्षीय चनक चौधरीका सेताम्मे फुलेका आमाबुबा पनि छोरो हराएको दिनदेखि ऊ फर्केर आउने बाटो कुरेर बसेका छन्। तर, पाँच वर्ष बितिसक्यो, चनक आएनन्। सेतै कपाल फुलेकी, गाला, हातखुट्टाका छाला चाउरी परेकी, सेतो चोली र लुङ्गी (थारू पहिरन) लगाएकी चनककी आमा आँगनमा बसेर छोरालाई सम्झेर रोइरहेकी हुन्छिन्।*

यस्तै दुःख भोगिरहेकी छिन्, २३ वर्षीया रतिकलावती चौधरीले पनि। सिङ्गो परिवारको भार थामेका उनका लोग्ने पनि त्यही दिन हराएका थिए। उनी विलौना पोख्दै भन्छिन्, 'मेरा लोग्ने निर्दोष थिए, अर्काको काम गरेर हामीलाई पालेका थिए। अब

हामीलाई कसले पाल्छ ?' लोग्ने नभएपछि उनी आफैं ज्याला मजदुरीको काम खोज्न जान्छिन् तर, त्यसले साँझ-बिहानको छाक पनि टर्दैन। विद्यालय जान थालेका छोराछोरीको पढाइ बन्द भएको छ। झन् त्यसमाथि छोराछोरीले 'आमा, हाम्रो बाबा खोई ?' भनेर सोध्दा उनको मनै भक्कानिएर आउँछ। 'आफ्नो दर्द कसरी बिर्सने, यी बालबच्चा कसरी हुर्काउने अब,' आँखामा टिल्पिलाएको आँसु पुछ्दै उनी भन्छिन्, 'सेनाले मेरो लोग्ने बेपत्ता पाऱ्यो, अब त लोकतन्त्र आयो भन्छन्, तर हाम्रा लागि केही भएन।'

२० वर्षीय चनक चौधरीका सेताम्मे फुलेका आमाबुबा पनि छोरो हराएको दिनदेखि ऊ फर्केर आउने बाटो कुरेर बसेका छन्। तर, पाँच वर्ष बितिसक्यो, चनक आएनन्। सेतै कपाल फुलेकी, गाला, हातखुट्टाका छाला चाउरी परेकी, सेतो चोली र लुङ्गी (थारू पहिरन) लगाएकी चनककी आमा आँगनमा बसेर छोरालाई सम्झेर रोइरहेकी हुन्छिन्। छोराको बारेमा कसैले सोधीखोजी गर्न थाल्यो भने उनी आँसु थाम्नै सक्दिनन्। ७० वर्षीय बुबा जोखुराम चौधरी बुढेसकालमा छोराको सुर्ताले गल्दै गएका छन्। गला अवरुद्ध पार्दै उनी भन्छन्, 'गुरुवा पूजा गर्न गएको मेरो छोरोलाई सेनाले समातेर लियो। छोरो निर्दोष छ नलैजानूस् भन्दा उल्टै म बूढोलाई पनि पिटे। आजसम्म ज्युँदो छ कि मरेको केही खबर छैन। हामी त सुर्ताले मर्ने भयौं, यी नातिनीलाई कसले पालिदेला ?,' चनकका दुई छोरी छन्, वृद्ध बाबुआमाले उनीहरूलाई पालेका छन्। डाँडामाथिको जुन भइसकेका यी वृद्धवृद्धाको मृत्युपछि चनकका नाबालक छोरीको सहारा को हुने भन्ने समस्या पनि सँगै छ।

उनको नामले उज्यालोको अर्थ जनाउँछ तर पहरूवाकै उज्याली चौधरीको जीवन अँध्यारै-अँध्यारोमा बितेको छ। १६ वर्षीय छोरो खुसीराम चौधरीलाई सेनाले बेपत्ता पारेपछि उनले एक दिन पनि छोराको सुर्ताबिना बिताउन सकेकी छैनन्। दुःखको बेलिविस्तार सुनाउँदै उनी भन्छिन्, 'भर्खरै छोराको बिहे गरिदिएकी थिएँ, दुई महिना पनि नबित्दै बेपत्ता पारिदिए। त्यसपछि माइत गएकी बुहारी पनि फर्किन, हाम्रो सहारा कोही छैन।' अधियाँ बाली लगाएर यो परिवारको गुजारा चलेको थियो, अधियाँ लगाउने र सबै काम खुसीरामले नै गर्थे। 'अब त हामी बाँचेर पनि मरेसरह छौं, यो दुःख सहनुभन्दा त बरु मरेकै जाती हुन्थ्यो,' उज्यालीले विलौना पोख्दै भनिन्।

दाङ डुरुवाको यो गाउँबाट एकै दिन ६ युवा हराएका थिए। गुरुवा पूजा गर्न निस्केका उनीहरूलाई सेनाले 'आतङ्ककारी' भन्दै पक्रेको थियो। तर, त्यसपछि उनीहरूका बारेमा केही खबर आएन। घरपरिवारले उनीहरूलाई खोज्न सकेसम्मको कोसिस त गऱ्यो तर, कहीँ पत्तो लागेन। त्यसपछि उनीहरूले आफन्त पत्ता

*दाङ डुरुवाको यो गाउँबाट एकै दिन ६ युवा हराएका थिए। गुरुवा पूजा गर्न निस्केका उनीहरूलाई सेनाले 'आतङ्ककारी' भन्दै पक्रेको थियो। तर, त्यसपछि उनीहरूका बारेमा केही खबर आएन। घरपरिवारले उनीहरूलाई खोज्न सकेसम्मको कोसिस त गऱ्यो तर, कहीँ पत्तो लागेन। त्यसपछि उनीहरूले आफन्त पत्ता लगाइदिन सरकार गुहार्नेबाहेक केही गर्न सकेका छैनन्।*

लगाइदिन सरकार गुहार्नेबाहेक केही गर्न सकेका छैनन्। उनीहरू वर्षौंदेखि भोगिरहेको पीडा त पोख्छन् तर उनीहरूको पीडाले कसैलाई छुँदैन। लोग्ने हराएकी लैह्या थारू भन्छिन्, 'हामीजस्ता दुःखीको आँसुले कसलाई पो छुन्छ र ?'

एउटा दूरदराजको गाउँमा घटेको यो जघन्य घटनाबारे राज्य मात्रै होइन, मानवअधिकारवादी सङ्घ/संस्थाको पनि आवश्यक ध्यान पुगेको छैन। घरपरिवारको बिँडो थामेर बसेका यी युवाहरू बेपत्ता भएपछि परिवारले भोगिरहेको विजोगबारे कसैले चासो देखाएका छैनन्। अहिले पनि बेपत्ताको सूचीमा रहेका धेरैजसो मानिस यस्तै दूरदराजका छन् जो बिना कुनै कसुर बेपत्ता बनाइएका छन्। यिनका बारेमा न राज्यले चासो देखाएको छ न त बेपत्ताकै विषयलाई 'इस्यू' बनाएर बबन्डर मच्चाउने माओवादीले। बृहत् शान्ति-सम्झौतापछि सरकार-माओवादीले बेपत्ताको अवस्था सार्वजनिक गर्ने प्रतिबद्धता त जनाए तर त्यो व्यवहारमा लागू भएन। बेपत्ता खोजी गर्न बनेको आयोग पनि पूरै निष्क्रिय भएको छ। यो अवस्थामा आँसुमा डुबेका आफन्तले लोकतान्त्रिक सरकारबाट के आश गर्ने ? उनीहरूका लागि कस्तो नयाँ नेपाल होला ? मानवअधिकार सञ्चार प्रतिष्ठानका केन्द्रीय सदस्य सुशील गौतम भन्छन्, 'दाङको यो मात्रै होइन, यस्ता थुप्रै घटनाबारे राज्य-माओवादी कोही संवेदनशील देखिएनन्। यो गैरजिम्मेवारपनको पराकाष्ठा हो।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# घरपरिवार र जिन्दगी बर्बाद भएपछि

*मदिरासेवनका विषयमा सुरु भएको घर-झगडाले पारिवारिक हिंसासमेत निम्त्याएपछि सुदूरपश्चिमका महिलाले मदिरा नियन्त्रण अभियान नै चलाएका छन् । यसले समाजमा देख्न सकिने परिवर्तन ल्याउन थालेको छ ।*

**✍ रमा चन्द**

**कञ्चनपुर**/ सधैँ रक्सीले मातेर आउने लोग्नेबाट गाली मात्रै होइन, मरणासन्न हुनेगरी कुटाइसमेत खानु उनको दैनिकीजस्तै थियो । दिनभर सकिनसकी घरको काम, छोराछोरीको लालनपालनको बाध्यता त छँदै थियो, त्यसमाथि जँड्याहा लोग्नेको दिनहुँको अत्याचार । उनले आक्रोश थाम्न सकिनन् । सधैँ झैँझगडा भइरहँदा एक दिन आवेशमा आएर लोग्नेको हत्या नै गरिन् ।

महेन्द्रनगर नगरपालिका उल्टाखाम बस्ने जानकी चन्दको जीवनमा घटेको यो घटना कुनै दन्त्यकथाजस्तो लाग्छ । सधैँभरको यातना सहन नसकेर उनले त्यति कठोर कदम चालेकी थिइन् । अहिले उनले १० वर्ष जेलजीवन बिताइसकेकी छिन् ।

जँड्याहा लोग्नेका कारण कञ्चनपुरकै दैजीकी मञ्जु भण्डारीको जीवन पनि जानकीकै जस्तो तहसनहस भएको छ । तर, कथा अलिक फरक छ । सधैँजसो रक्सी खाएर कुटपिट मात्रै गर्ने र घरव्यवहार नहेर्ने लोग्नेलाई छोडेर उनी माइतीको शरणमा छिन् । मञ्जु भन्छिन्, 'केही उपाय नलागेपछि छोराछोरीसहित माइत आएर बसेकी छु । मजदुरी गरेर भए पनि बालबच्चा पालेकी छु, बरु यही जीवन सुखी छ ।'

महेन्द्रनगर-१३ की पार्वती विष्टको पीडा पनि कम दुःखपूर्ण छैन । बिहेपछिका थुप्रै वर्ष उनले पनि जानकी र मञ्जुकै जस्तो पीडा भोग्नुपर्‍यो । मातेर आउने र कुटपिट गर्न पनि पछि नपर्ने लोग्नेले उनलाई कहिल्यै सुख दिएनन् । तर, लोग्नेको यातनाबाट छुटकारा पाउने एउटा गतिलो उपाय खोजेकी छिन् उनले । कमजोर आर्थिक अवस्थाको कारण देखाउँदै लोग्नेलाई कमाउन भारत पठाएपछि उनले पहिलेजस्तो यातना खेप्नुपरेको छैन । उनी भन्छिन्, 'दिनहुँ रक्सीले मातेर आएपछि म त कुटाइ खान्थेँ नै, छोराछोरीको पढाइ पनि चौपट भयो । आफ्नो र छोराछोरीको भविष्य हेरेर लोग्नेलाई कमाउन जान राजी गराएँ, अहिले त केही दुःख छैन, फर्केर आएपछि फेरि उस्तै हुने हो कि ?'

कञ्चनपुरका गाउँदेखि सहरसम्म रक्सीकै कारण महिलाले लोग्नेबाट खेपिरहेका अत्याचारका केही उदाहरण मात्र हुन् यी । रक्सी नभई बस्नै नसक्ने लोग्नेका कारण थुप्रै महिलाको जीवन बर्बाद भएको छ, शान्त परिवारमा हिंसा भित्रिएको छ । यही कारण कसैको ज्यानै गएको छ भने थुप्रैको घरबार भताभुङ्ग भएको छ, कतिका बालबच्चाकै भविष्य अन्योलमा परेको छ । घटनाक्रम र मान्छे फरक होलान् तर, मदिराकै कारण घरघरमा हुने हिंसाका घटना र अपराध भने मिल्दाजुल्दा छन् । रक्सीकै कारण ज्यान जाने मात्रै होइन, कङ्गाल हुने र बालबालिका टुहुरा हुने घटना पनि भएका छन् । शायद त्यही भएरै होला, कञ्चनपुरका महिला अहिले मरिमेटेर मदिरा नियन्त्रण गर्ने अभियानमा लागेका छन् । त्यसका लागि उनीहरूले मदिरा नियन्त्रण सङ्घर्ष समिति नै गठन गरेका छन् ।

सङ्घर्ष समिति बनेपछि कञ्चनपुरका गाउँ तथा नगरपालिकामा गठित महिला समूहद्वारा रक्सीविरुद्ध सचेतना अभियान सुरु भएको छ । सङ्घर्ष समितिकी अध्यक्ष भगवती थापा भन्छिन्, 'समिति गठन भएपछि विभिन्न सङ्घ/संस्था र गाउँका महिला समूहले सहयोग गर्न थालेका छन् । अब हामी आफैंले केही नगरी हुन्न भन्ने सोचाइ आएको छ ।' रक्सीले बिगारेको घरका

*रक्सीले बिगारेको घरका बालबालिकादेखि बूढाबूढीसम्म यो अभियानमा छन् । 'समस्या सबैको एउटै हो, घर बर्बाद भएको छ, सबैले दुःख पाएका छन्,' समितिकी कोषाध्यक्ष पार्वती रोस्यारा भन्छिन्, 'घरको सम्पत्ति सिध्याएर नपुगेपछि मजदुरी गरेर जुटाएको अनाजसमेत लोग्नेले रक्सी खान लैजाने गरेको गुनासो धेरै आउँछ, अब त्यो नियन्त्रण गर्नुछ ।'*

बालबालिकादेखि बूढाबूढीसम्म यो अभियानमा छन् । 'समस्या सबैको एउटै हो, घर बर्बाद भएको छ, सबैले दुःख पाएका छन्,' समितिकी कोषाध्यक्ष पार्वती रोस्यारा भन्छिन्, 'घरको सम्पत्ति सिध्याएर नपुगेपछि मजदुरी गरेर जुटाएको अनाजसमेत लोग्नेले रक्सी खान लैजाने गरेको गुनासो धेरै आउँछ, अब त्यो नियन्त्रण गर्नुछ ।'

महिलाले रक्सीविरुद्ध भेला, विरोध ऱ्यालीजस्ता प्रचार कार्यक्रम पनि गर्न थालेका छन् । मदिराका कारण हुने हिंसात्मक घटना पूरै नरोकिए पनि केही सकारात्मक असर देखिन थालेका छन् । दिउँसै रक्सी खाएर होहल्ला गर्नेको सङ्ख्यामा कमी आएको छ, सङ्घर्ष समितिको अनुरोधमा आन्तरिक राजस्व कार्यालयले मदिरा बिक्री-वितरणमा रोक लगाएको छ । कार्यालयले यसअघि कञ्चनपुरका एक सय ४० फर्मलाई मदिरा वितरण गर्ने अनुमति दिएको थियो, जसबाट वार्षिक करिब रु. १० लाख राजस्व उठ्थ्यो । यी सबै अहिले रोक्का गरिएका छन् ।

रक्सीकै कारण यस क्षेत्रमा महिलामाथि हिंसा बढे तापनि प्रशासनले कुनै पहल गरेको थिएन । सङ्घर्ष समितिकी उपाध्यक्ष कमला महरा भन्छिन्, 'नियन्त्रण गर्ने त परै जाओस्, मन्दिर, विद्यालयजस्ता सङ्घ/संस्थानजिकै पनि खुलेआम मदिरा बिक्री-वितरण गर्न दिइन्छ ।' तर, आन्तरिक राजस्व कार्यालयका निमित्त कर अधिकृत रामबहादुर कार्की महिलाको अभियानमा साथ दिएको बताउँदै भन्छन्, 'हामी कडा अनुसन्धानपछि मात्रै लाइसेन्स दिन्छौं, महिलाको अनुरोधमा अहिले त्यो पनि बन्द गरेका छौं ।'

सिङ्गो कञ्चनपुर जिल्लालाई मदिरा निषेधित क्षेत्र बनाउने महिलाको प्रयास गाउँतहमा धेरै हदसम्म सफल भए पनि सहरी क्षेत्रमा भने प्रहरी-प्रशासनकै असहयोगका कारण अघि बढ्न नसकेको गुनासो महिलाको छ । प्रशासनले आवश्यक सहयोग नगरेपछि महिलाहरूले गएको कात्तिक २७ गते जिल्ला प्रशासन कार्यालय, आन्तरिक राजस्व कार्यालय र जिल्ला विकास समितिमा तालाबन्दीसमेत गरे ।

*सिङ्गो कञ्चनपुर जिल्लालाई मदिरा निषेधित क्षेत्र बनाउने महिलाको प्रयास गाउँतहमा धेरै हदसम्म सफल भए पनि सहरी क्षेत्रमा भने प्रहरी-प्रशासनकै असहयोगका कारण अघि बढ्न नसकेको गुनासो महिलाको छ । प्रशासनले आवश्यक सहयोग नगरेपछि महिलाहरूले गएको कात्तिक २७ गते जिल्ला प्रशासन कार्यालय, आन्तरिक राजस्व कार्यालय र जिल्ला विकास समितिमा तालाबन्दीसमेत गरे ।*

यो अभियानमा हिँडेका महिलालाई समाजले असहयोग मात्रै होइन, आक्षेपसमेत लगाउने काम गऱ्यो । 'रक्सी पिउनु राम्रो होइन भनेर सचेत गराउने महिलालाई नेता भइस्, हाम्रा छोरी-बुहारी बिगारिस् भन्दै उल्टै धम्क्याउँछन्,' अगुवा महिला नारू सिंह भन्छिन्, 'काम गर्न एकदमै दुःख छ, तर हाम्रो अभियानले केही परिवर्तन भएको देख्दा त केही भएछ नि भन्ने लाग्छ ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# पर्यटक बढेपछि व्यवसायी खुसी

*राजनीतिक गतिरोध अन्त्यको प्रक्रिया बढिरहेका बेला देशमा पर्यटकको सङ्ख्या ह्वात्तै बढेपछि व्यवसायीमा उत्साह थपिएको छ। राजनीतिक प्रतिबद्धता भएमा र हवाईसेवाको निरन्तरता रहे पर्यटन उद्योग फस्टाउँछ भन्ने निचोडमा छन् उनीहरू।*

✍ **निंतु पण्डित**

काठमाडौं/ लामो समयपछि यस वर्ष काठमाडौंका साना-ठूला होटलहरू भरिभराउ छन्। ठमेलका होटलमा पर्यटकले कोठा पाउन मुस्किल छ। होटल मात्र होइन, रेस्टुरेन्ट र पर्यटकीय उद्देश्यले खोलिएका पसलहरूमा पनि विदेशीहरू भरिभराउ देखिन्छन्।

एक तथ्याङ्कअनुसार यस वर्षको नोभेम्बर महिनासम्ममा हवाईमार्ग भएर तीन लाख तीन हजारभन्दा बढी पर्यटक नेपाल आएका छन्। यो तथ्याङ्क गत वर्षको सोही अवधिको भन्दा २८ दशमलव ६ प्रतिशतले बढी हो। गत वर्ष दुई लाख ५७ हजार विदेशीले मात्र नेपाल भ्रमण गरेका थिए। यस्तै सडक मार्ग भएर नेपाल आउने पर्यटकको सङ्ख्या अक्टोबर महिनासम्म एक लाख ३६ हजार नाघिसकेको अध्यागमन विभागले जनाएको छ। यस हिसाबले अहिलेसम्म चार लाख ४० हजार पर्यटक नेपाल भित्रिसकेका छन्। नोभेम्बर र डिसेम्बर महिनामा पनि पर्यटन व्यवसायमा देखिएको चहलपहलले यो सङ्ख्या पाँच लाख सजिलै नाघ्ने अनुमान गरिएको छ। यसअघि १९९८ मा नेपाल भ्रमण वर्ष मनाएका बेला अहिलेसम्मकै सबैभन्दा बढी चार लाख ९२ हजार पर्यटक नेपाल आएको नेपाल पर्यटन बोर्डले दाबी गरेको छ।

यसअघि एक दसक लामो द्वन्द्वका कारण कतिपय होटल बन्द नै भएका थिए। केही होटलले सेवा बन्द नगरे तापनि उनीहरू खर्च थेग्न सक्ने अवस्थामा थिएनन्। पर्यटक नै नआएपछि अधिकांश होटल न्यूनतम पूर्वाधारमा चलिरहेका थिए। लामो समयसम्म गुम्सिएर बसेका होटल व्यवसायीले यस वर्ष भने धक फुकाएर खर्च गर्न पाएका छन्। लामो समयसम्म बन्द भएका होटल पनि धमाधम खुल्न थालेका छन्। द्वन्द्व बढ्दै गएपछि खर्च धान्न नसकेर दुई वर्षदेखि बन्द रहेको पोखराको ब्लुबर्ड होटल यस वर्ष खुलेको छ।

आफूहरूले नसोचेको सङ्ख्यामा पर्यटक आएको अनुभव व्यवसायीको छ। केही समय देशमा शान्ति आएको अनुभव गरेका उनीहरूले यति छिट्टै पर्यटक बढ्लान् भन्ने आशा भने गरेका थिएनन्। उनीहरूले नसोचेकै भयो। नेपाल ट्राभल एन्ड टुर्स एसोसिएसन

*केही समय देशमा शान्ति आएको अनुभव गरेका उनीहरूले यति छिट्टै पर्यटक बढ्लान् भन्ने आशा भने गरेका थिएनन्। उनीहरूले नसोचेकै भयो। नेपाल ट्राभल एन्ड टुर्स एसोसिएसन (नाटो) का अध्यक्ष बसन्त मिश्र भन्छन्, 'पहिलेभन्दा बढी नै पर्यटक हुन्छन् भन्ने सोच त थियो तर पनि यति धेरै सङ्ख्यामा आउलान् भन्ने अनुमान हामीले गरेका थिएनौं।'*

(नाटो) का अध्यक्ष बसन्त मिश्र भन्छन्, 'पहिलेभन्दा बढी नै पर्यटक हुन्छन् भन्ने सोच त थियो तर पनि यति धेरै सङ्ख्यामा आउलान् भन्ने अनुमान हामीले गरेका थिएनौं।' होटल एसोसिएसन हानका अध्यक्ष प्रकाश श्रेष्ठचाहिँ वातावरण बनाउन सके नेपाल रुचाउने पर्यटकको कमी नरहेको उल्लेख गर्छन्।

व्यवसायीले पनि आफ्नो होटलमा कोठाको रेट बढाएका छन्। होटलको भाडा गएको वर्षभन्दा तीन गुणासम्म बढेको छ। गत वर्ष दैनिक लगभग २५ डलर पर्ने पाँचतारे होटलको कोठा यस वर्षका लागि सत्तरी डलरभन्दा बढीमा 'बुक' हुन थालेका छन्। तर, नेपालका होटलले अझै राम्रो मूल्य पाइसकेका छैनन्। लामो समयपछि पर्यटन व्यवसायीले एउटा राम्रो मौका पाएका छन्। होटल एसोसिएसन अफ नेपाल (हान) का अध्यक्ष श्रेष्ठले भने, 'अर्को वर्षदेखि रेट र स्ट्यान्डर्ड दुवै बढाउनुपर्छ।'

माओवादीले हतियार बिसाएपछि पर्यटक नेपाल आउन थालेका हुन्। सरकार र माओवादीबीच शान्ति-सम्झौता भए पनि सम्झौताको उल्लङ्घन भइरहेको छ। अझै पनि बन्द र हड्ताल जारी छ र अशान्ति हुने

सम्भावना छ। कतै-कतै त पर्यटक नै मारमा पर्ने गरेका छन्। कति ठाउँमा अहिले पनि पर्यटकसँग चन्दा उठाउने गरिएको छ। पर्यटन व्यवसाय झन्झटरहित हुन नसकेकोमा दुःखेसो गरिरहेका व्यवसायी अन्तर्राष्ट्रिय बजारमा नेपालको छवि बिगार्ने कुनै पनि गतिविधि नगर्न अनुरोध गरिरहेका छन्।

पछिल्लो समयमा विदेशी विमान कम्पनीका जहाज थपिने क्रम बढिरहेको छ। सबैभन्दा पछि ड्रागन एयरले काठमाडौंमा उडान थालेपछि अन्तर्राष्ट्रिय विमान कम्पनीको सङ्ख्या आधा दर्जन नाघेको छ। यसले नेपाल भ्रमणमा आउने पर्यटकलाई उत्साहित बनाएको छ। तर, पर्यटक सम्भावना भएको युरोपमा कुनै पनि उडान नहुनुले नेपालको पर्यटन बजारलाई निकै असर परेको छ। यो समयमा मागअनुसार हवाई टिकट पाएको भए पर्यटक अझै बढ्ने व्यवसायीहरू बताउँछन्। यसबीचमा आधा दर्जन विमान कम्पनीले उडान त भरेका छन् तर पनि मागअनुसार आपूर्ति हुन नसकेको गुनासो उनीहरूको छ। विशेषगरी राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको प्रभावकारिता नभएको गुनासो व्यवसायीको छ। नेपाल एयरलाइन्सले यस्तो पर्यटकीय चाप बढेका बेलासमेत उडान भर्न नसक्दा आशा गरिएअनुसारको सङ्ख्यामा पर्यटक आउन नसकेको उनीहरूको निष्कर्ष छ।

नयाँ आएका कम्पनीले पनि नेपाल पर्यटन बजारभन्दा पनि श्रमबजारलाई लक्षित गरेको छ। विमानस्थलको सेवा पर्यटकमुखी नभएको आरोप पनि उनीहरूको छ। सङ्ख्यालाई निरन्तरता दिन पनि विमानस्थलको सेवा पर्यटकमुखी हुनुपर्ने उल्लेख गर्दै नाटो अध्यक्ष मिश्र भन्छन्, 'पर्यटनलाई लक्षित गरेर युरोपसँगको उडान हुनुपर्छ।' यस वर्षको पर्यटक आगमनबाट उत्साही बनेका व्यवसायी राजनीतिक

*व्यवसायीले पनि आफ्नो होटलमा कोठाको रेट बढाएका छन्। होटलको भाडा गएको वर्षभन्दा तीन गुणासम्म बढेको छ। गत वर्ष दैनिक लगभग २५ डलर पर्ने पाँचतारे होटलको कोठा यस वर्षका लागि सत्तरी डलरभन्दा बढीमा 'बुक' हुन थालेका छन्। तर, नेपालका होटलले अझै राम्रो मूल्य पाइसकेका छैनन्। लामो समयपछि पर्यटन व्यवसायीले एउटा राम्रो मौका पाएका छन्।*

निकास आए पर्यटकको सङ्ख्या अझै बढ्नेमा आशावादी छन्। वातावरण अनुकूल भए अबको तीन वर्षमा पर्यटक सङ्ख्या दस लाख पुग्ने विश्लेषण उनीहरूको छ। 'हामीले त सन् २००९ लाई नेपाल भ्रमण वर्षको रूपमा मनाउन माग गरिसकेका छौं,' हानका अध्यक्ष श्रेष्ठले उत्साहित हुँदै भने, 'तर त्यसका लागि राजनीतिक प्रतिबद्धताको जरुरी छ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# क्रिकेटर बन्न लागे दृष्टिविहीन महिला

*हिँड्नलाई चाहिने छडीसँगै ब्याट र बल समाउन थालेका पोखराका दृष्टिविहीन महिला व्यावसायिक क्रिकेटर बन्ने धुनमा छन्। उनीहरूको लक्ष्य छ- आउँदो वर्ष हुने पहिलो विश्वकप क्रिकेट जित्ने।*

**✍ रीता गुरुङ**

**पोखरा**/ बगरकी अस्मिता भट्टराई जन्मँदै दृष्टिविहीन भए पनि पढाइमा अत्यन्त तेज छिन्। स्नातक तह पहिलो वर्षमा अध्ययनरत अस्मिताको परिचय अब यतिमा मात्र सीमित छैन। बाहिरी संसार अहिलेसम्म देख्न नपाएकी अस्मिताले अहिले अर्को छुट्टै पहिचान बनाएकी छिन् आशलाग्दो महिला क्रिकेट खेलाडीको रूपमा।

धेरैले भन्ने गर्छन्- दृष्टिविहीनले पनि क्रिकेट खेल्न सक्छ र ? तर, अस्मिताजस्तै पोखराका ३५ जना दृष्टिविहीन महिला क्रिकेटरले उनीहरूको त्यो जिज्ञासाको एकैपल्ट जवाफ दिन्छन्। सेतो छडीको

सहारामा हिँड्ने उनीहरू हातमा मुङ्ग्रोजस्तो ब्याट बोकेर हेर्नेहरूलाई समेत अचम्मित पार्दै क्रिकेट मैदानमा अभ्यास गरिरहेका हुन्छन् । बिहान सबेरै हातमा ब्याट, टाउकोमा हेलमेट र खुट्टामा प्याड लगाएर उनीहरू मैदानमा उत्रिन्छन् । अवसर पाए दृष्टिविहीनले पनि केही गर्न सक्छन् भन्ने गतिलो उदाहरण बनेका छन् उनीहरू । अस्मिता भन्छिन्, 'राम्रो क्रिकेट खेलाडी बन्न सक्छु भन्ने विश्वास छ ।'

नेपाली महिलाले क्रिकेट खेल्न थालेको धेरै भएको छैन, तीन वर्षअघि नेपालगन्जका किशोरीले यसको सुरुवात गरेका थिए । ६ महिनाअघिमात्र मलेसिया पुगेका तिनै किशोरीले एसीसी महिला क्रिकेटमा दोस्रो भएर देशको नाम राखेका थिए । त्यही सफलताबाट उत्साहित पोखराका दृष्टिविहीन महिला क्रिकेटर पनि खेलमा जोसिएका हुन् । भगवती पौडेल पनि तिनैमध्येकी एक हुन्, जो केही समयअघि काठमाडौंमा सम्पन्न प्रतियोगितामा पोखराबाट सहभागी थिइन् । 'बाहिरी संसार देख्न नपाए पनि केही गरेर देखाउन सक्छु भन्ने आत्मविश्वास छ,' उनी भन्छिन्, 'खेल्न पाएका छौं, यही ठूलो उपलब्धि हो । एकदिन खेलेर देशको नाम राख्नेछौं ।'

पृथ्वीनारायण क्याम्पसको 'पिच'मा उनीहरू ६ महिनादेखि नियमित अभ्यासमा छन् । नियम उही हो, फरक यति छ- उनीहरूले खेल्ने बलले आवाज दिन्छ । आवाजको तालमा उनीहरू ब्याटको लयलाई पच्छ्याउँछन् । खेलाडीलाई तीन समूहमा बाँडिएको हुन्छ- कत्ति पनि देख्न नसक्नेलाई बी वान, केही देख्न सक्नेलाई बी टु र बलिङ गर्ने र पोलसम्म देख्न सक्ने वा पोलको सेतो भाग छुट्याउन सक्नेलाई बी थ्री । बी वानको हातमा रातो, बी टुको हातमा सेतो र बी थ्रीको हातमा नीलो रिबन बाँधिन्छ । बी वानले बलिङ र ब्याटिङ मात्र गर्दछन् भने बी टु र बी थ्रीले रन लिने काम गर्छन् । पोखराका क्रिकेटर महिला टिममा चारजना बी वान, तीनजना बी टु र तीन जना बी थ्री समूहका खेलाडी छन् । तर, उनीहरूका लागि अन्तर्राष्ट्रियस्तरमा मान्यताप्राप्त आफ्नै नियम भने छैन ।

*धेरैले भन्ने गर्छन्- दृष्टिविहीनले पनि क्रिकेट खेल्न सक्छ र ? तर, अस्मिताजस्तै पोखराका ३५ जना दृष्टिविहीन महिला क्रिकेटरले उनीहरूको त्यो जिज्ञासाको एकैपल्ट जवाफ दिन्छन् । सेतो छडीको सहारामा हिँड्ने उनीहरू हातमा मुङ्ग्रोजस्तो ब्याट बोकेर हेर्नेहरूलाई समेत अचम्मित पार्दै क्रिकेट मैदानमा अभ्यास गरिरहेका हुन्छन् । बिहान सबेरै हातमा ब्याट, टाउकोमा हेलमेट र खुट्टामा प्याड लगाएर उनीहरू मैदानमा उत्रिन्छन् ।*

सामान्य क्रिकेटभन्दा दृष्टिविहीन महिलाले खेल्ने ब्याट छोटो, पञ्जा सानो र बलिङको दूरी (पिच) पनि केही कम हुने गरेको छ । तर, यो नियम व्यवहारमा लागू हुन सकेको छैन । 'पुरुष क्रिकेटरसरह प्रतिस्पर्धामा उत्रनुपर्दा अलि कठिनाइ छ,' भगवतीले भनिन्, 'राज्यले दृष्टिविहीनको क्रिकेटका लागि पूर्वाधार बनाइदिनुपर्‍यो ।'

राज्यले वास्ता नगरे पनि उनीहरूलाई त्यो वातावरण बनाइदिएको छ, कास्की एसोसिएसन अफ द ब्लाइन्ड (केएबी) ले । केही पूर्वाधार नभए पनि दृष्टिविहीन महिलालाई क्रिकेट खेलाडी बनाउने महत्वाकाङ्क्षी लक्ष्य बोकेर उसले थालेको अभियानपछि अहिले दृष्टिविहीन ३५ महिलाले नियमित अभ्यास गर्न पाएका छन् । तीमध्ये १५ व्यावसायिक खेलाडी बन्ने धुनमा छन् । 'म व्यावसायिक खेलाडी बन्न चाहन्छु,' ६ महिनाअघि मात्रै क्रिकेटको नाम सुनेकी अस्मिताले भनिन्, 'क्रिकेट खेल्नुको मज्जा बेग्लै छ, पहिले सेतो छडी बोकेर हिँड्नसमेत गाह्रो मान्थें, अहिले ब्याट बोकेर दौडिन पनि सक्छु ।'

अस्मिता र भगवतीजस्तै महत्वाकाङ्क्षा बोकेर क्रिकेटमा होमिएकी छिन् अर्की दृष्टिविहीन सुसिना बस्नेत । स्नातक तेस्रो वर्षकी छात्रा सुसिनाले सुरुमा दृष्टि नहुनेहरूले पनि क्रिकेट खेल्छन् भनेको सुन्दा अचम्म मानेकी थिइन् । 'तर, गर्‍यो भने नहुने केही रहेनछ,' अहिले आफू पनि क्रिकेटको राम्रो खेलाडी बन्ने धुनमा रहेकी उनी भन्छिन्, 'दृष्टि नभए पनि मेहनतसाथ लाग्यो भने हरेक क्षेत्रमा सफल हुन सकिन्छ ।' व्यावसायिक क्रिकेटर बन्ने धुन बोकेर उनी नियमित अभ्यासमा होमिएकी छिन् ।

तालिम मात्रै होइन, ब्लाइन्ड एसोसिएसनको सहयोगमा नेत्रहीन क्रिकेट क्लबले अहिले पोखरा र काठमाडौंमा महिलाका लागि प्रतियोगितासमेत सञ्चालन गर्दै आएको छ । धेरै प्रतियोगितामा उत्कृष्ट घोषित भगवती पौडेलको उत्साहले अहिले धेरै दृष्टिविहीनलाई क्रिकेटमा तानेको छ । उनी भन्छिन्, 'सुरुसुरुमा रमाइलोका लागि अभ्यास गर्थें, उपाधि जित्दै गएपछि व्यावसायिक खेलाडी बन्ने साहस पलाएको छ ।'

विश्व क्रिकेटमा अझैसम्म जम्न नसके पनि पछिल्ला दिनमा एसियाली क्रिकेटमा नेपालको राम्रै सम्भावना देखापरेको छ। सम्भवतः विश्वका अन्य राष्ट्रमा अहिलेसम्म दृष्टिविहीन महिला क्रिकेटर तयार भएका छैनन्। नेत्रहीन क्रिकेट क्लब पोखराका अध्यक्ष विजय लामिछाने दृष्टविहीन क्रिकेटर महिला जन्माउने नेपाल पहिलो देश भएको र यसकारण पनि दृष्टिविहीन महिला क्रिकेटरको सम्भावना राम्रो भएको बताउँछन्। लामिछाने भन्छन्, 'राज्यले मौका दियो भने हामी विश्वमै गतिलो उदाहरण बन्न सक्छौं।' त्यही भएरै पोखराबाट व्यावसायिक रूपमै दृष्टिविहीन महिला क्रिकेटर उत्पादन गर्ने तयारी भइरहेको छ। पोखराबाहेक अहिले काठमाडौं, बाग्लुङ र रूपन्देहीमा पनि दृष्टिविहीन क्रिकेटर आएका छन्। तर, राज्यले यसमा कुनै सहयोग गरेको छैन। लामिछाने भन्छन्, 'हामीलाई सहयोग र प्रोत्साहन आवश्यक छ।'

राज्यले चासो नदिए पनि उनीहरू हतोत्साही भने भएका छैनन्। समय पाउना साथ अभ्यासका लागि मैदानमा उत्रिहाल्छन्। जुन कुरा शिक्षा सङ्कायको प्रमाणपत्र तहमा अध्ययनरत स्वस्तिका भुजेलको उत्साहले पनि देखाउँछ। 'अन्तर्राष्ट्रिय खेलमा भाग लिने लक्ष्य छ,' उनी भन्छिन्, 'पहिले-पहिले त अन्धीले पनि क्रिकेट खेलेको भन्दै सबै हाँस्थे। अहिले सबैको सोचाइ बदलिएपछि उत्साह थपिएको छ।'

सन् २००८ मा पाकिस्तानमा दृष्टिविहीनको विश्वकप क्रिकेट आयोजना हुँदैछ। त्यसैमा भाग लिन

*सन् २००८ मा पाकिस्तानमा दृष्टिविहीनको विश्वकप क्रिकेट आयोजना हुँदैछ। त्यसैमा भाग लिन पोखराका यी दृष्टिविहीन महिला आतुर छन्। विश्वमै दृष्टिविहीन क्रिकेटर महिलाको टिम नभएकाले उनीहरूले महिलासँग मात्रै प्रतिस्पर्धा गर्न भने पाउने छैनन्।*

पोखराका यी दृष्टिविहीन महिला आतुर छन्। विश्वमै दृष्टिविहीन क्रिकेटर महिलाको टिम नभएकाले उनीहरूले महिलासँग मात्रै प्रतिस्पर्धा गर्न भने पाउने छैनन्। त्यसैले पुरुष र महिला मिसिएर खेल्ने योजना छ। तर, पनि उनीहरू विश्वकप आफैंले हात पार्ने योजनामा छन्। भुजेल भन्छिन्, 'विश्वकप जितेर विश्वको ध्यान हामीतिर खिच्न चाहन्छौं।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# खान नपुग्ने भए लहना लगाउने

*आधुनिक तरिकाले खेती गर्दा आम्दानी दोब्बर भएपछि रूपन्देही मर्चवारका किसानको जीवनस्तर उकासिएको छ । गाउँले भन्छन्, 'सबैले यस्तै खेती गरे त पूरै गाउँ धनी हुन्थ्यो ।'*

✍ **संगीता पाण्डेय**

**मर्चवार**/ दुई वर्षअघिसम्म एकलाका भूमिहीन वीरेन्द्र पासी स्थानीय जमिनदारका घरमा कृषि ज्याला-मजदुरीको काम गर्थे । १५ घन्टा काममा घोटिँदा दिनको एक सय ज्याला पाउँथे । यसैको भरमा उनले ११ जनाको परिवार धानेका थिए । काम नपाउँदाका दिनमा उनी भोको पेट कसेर पनि बस्ने गर्थे । एक वर्षमा कतिदिन यस्तो हुन्थ्यो, गन्ती थिएन ।

तिनै वीरेन्द्र अहिले गाउँका चर्चित तरकारी व्यापारी भएका छन् । आधुनिक र व्यावसायिक तरकारी खेती गर्न सिकेका उनले यसबाट गाउँमा लहना (ब्याजमा पैसा लगाउने लगाएका छन् । सबै छोराछोरीहरूलाई स्कुल पठाएका छन् । 'यस्तै आम्दानी भइरहे एक वर्षभित्र त थोरैतिनो जग्गा पनि किनुँला कि ?,' उनले भावी योजना सुनाए ।

वीरेन्द्रजस्तै रूपन्देहीको एकला गाविस कर्महवाका जग्गा नभएका किसानले अहिले सामूहिक तरकारी खेती सुरु गरेका छन् । गाविसभित्र त्यत्तिकै खेर गएको सार्वजनिक जग्गा उपयोग गरेर उनीहरूले तरकारी खेती गर्न सुरु गरेका हुन् ।

तरकारी खेती गर्नका लागि कर्महवाका अति विपन्न १५ जना जग्गा नभएका किसानको समूह बनाइएको छ । समूहका प्रत्येक सदस्यलाई गाविसले तीन-तीन कट्ठाका दरले ४५ कट्ठा जग्गा दिएको छ । त्यस जग्गामा नै उनीहरूले उन्नत तरिकाले मौसमी र बेमौसमी तरकारी खेती गरेका हुन् । दुई वर्षअघि सुरु गरिएको व्यावसायिक तरकारी खेतीबाट उनीहरू एकजनाले एक सिजनमा १० हजारभन्दा बढी कमाएका छन् । यो कमाइ सात, आठजनाको परिवारले खाएर बेचेको तरकारीको हो ।

व्यावसायिक तरकारी खेती गरिरहेका किसान भन्छन्, 'आफूले तरकारी खेती सुरु गरेबाट घरमा खाने तरकारी पनि बाहिर किन्दैनौं । त्यसको पनि हिसाब गर्ने हो भने हाम्रो आम्दानी दोब्बर भएको छ ।'

कर्महवाका भूमिहीन किसानलाई गाविसभित्र खेर गएको सार्वजनिक जग्गा उपयोग गरेर तरकारी खेती गर्न जीविकोपार्जनका लागि वन कार्यक्रमले सिकाएको हो । खेती गर्न सिकाउने जीविकोपार्जनका लागि वन कार्यक्रमले किसानलाई अहिलेसम्म पनि आर्थिक र प्राविधिक सहयोग गरिरहेको छ । समूहका सदस्य किसान चिनक कुर्मी भन्छन्, 'सुरुमा वनले ढिकीपम्प बनाउन भन्दै २७ हजार रुपैयाँ दियो । त्यसपछि बिउबिजनका लागि भन्दै एक परिवारलाई पाँच सयका दरले दियो । हामीले त खेती गर्न श्रम मात्र गऱ्यौं । आर्थिक लगानी केही गर्नुपरेन । तर, तरकारी लगाएको महिनादिन नपुग्दैबाट आम्दानी भइहाल्यो । त्यसको सुको पैसो पनि कतै बुझाउनुपरेन ।'

*आधुनिक तरिकाबाट तरकारी खेती गर्न सिकेका भूमिहीन किसान अहिले गाउँका अन्य किसानलाई पनि त्यसैगरी खेती गर्न सिकाउन थालेका छन् । जसले गर्दा एकला गाविसका धेरैजसो गाउँमा अहिले व्यावसायिक तरकारी खेती सुरु भएको छ । त्यसमध्ये कर्महवा त तरकारीबाट सबैभन्दा बढी आम्दानी गर्ने गाउँ बनेको छ ।*

जीविकोपार्जनका लागि वन कार्यक्रमले कर्महवाका किसानलाई तरकारी खेतीबारे सघाउन र सिकाउनका लागि गाउँमा एक सहजकर्ताको पनि व्यवस्था गरेको छ । ती सहजकर्ताको सहयोग र सल्लाहअनुसार समूहका किसान त्यहाँ सामूहिक रूपमा भेला हुन्छन् । भेलामा आफूले जानेका तरकारीका जात, खेती गर्ने सीप र तरिकाबारे छलफल गर्ने गरेका छन् । संस्थामार्फत नै उनीहरूले बेलाबेलामा कृषिविशेषज्ञहरू बोलाएर आधुनिक बिउबिजन र खेतीसम्बन्धी तालिम पनि लिएका छन् । जसले गर्दा छोटो समयमै उनीहरूले राम्रो आम्दानी गर्न सकेका हुन् ।

तरकारी किसानका अनुसार आधुनिक र व्यावसायिक तरकारी खेती गर्न धेरै लगानी गर्नुपर्दैन। फसल तयार हुन धेरै समय पनि कुर्नुपर्दैन। एक महिनाबाटै आम्दानी हुन सुरु हुन्छ। बेच्नका लागि बजार खोज्दै हिँड्नुपर्दैन। गाउँठाउँ र नजिकका बजारमै खोसाखोस भएर बिक्छ। थोरै जाने धेरै काम गर्न सकिने, खेतीमा सबैभन्दा सजिलो र भरपर्दो खेती रहेछ। समूहका अध्यक्षसमेत रहेका किसान क्षदी कुर्मी भन्छन्, 'तरकारी लगाएको एक महिनादेखि आम्दानी सुरु हुन्छ। व्यापारीहरू भनेको दाममा खरिद गर्न घरमै आउँछन्। त्यसैले होला हामीले थोरै समय र मेहनतमा पनि सोचेभन्दा धेरै कमाएका छौं।'

तरकारीबाट आम्दानी हुन थालेपछि कर्महवाका भूमिहीन किसानको जीवनशैली पनि फेरिएको छ। दुई छाक खान जुटाउन नसक्ने उनीहरू सबै अहिले गाउँमा लहना लगाउने भएका छन्। समूहकी किसान चिन्की हरिजन भन्छिन्, 'पहिले-पहिले जमिनदारको घरमा ज्यालादारीमा काम गर्थ्यौं। वर्षदिन ज्यान घोटी-घोटी काम गर्नुपर्थ्यो र पनि दुईछाक खाना जुटाउन गाह्रो हुन्थ्यो। दुई रुपैयाँ सापटी दिन गाउँमा कसैले पत्याउँदैनथे। तर, अहिले सबैले कति चाहियो लैजाऊ भन्छन्। तरकारीले घर धानिएको छ। कतै खोज्नैपर्दैन।'

बचतको बानी बसाल्न भन्दै तरकारी खेतीको सुरुवातदेखि नै समूहका किसानले मासिक पाँच, पाँच रुपैयाँ बचत गर्न थालेका छन्। बचत गरेको उक्त रुपैयाँ उनीहरूले सस्तो ब्याजमा समूहभित्र चलाउने गरेका छन्। यसले गर्दा पनि उनीहरू जस्तो काम पनि आफैंहरूले चलाउन सक्ने भएका हुन्।

तरकारीबाट खान-लाउन पुग्ने भएपछि कर्महवाका किसानले अहिले आफ्ना छोराछोरीलाई पढ्न स्कुल पठाउन थालेका छन्। किसान वर्षेना पासी भन्छिन्, 'छोराछोरी पढाउने-लेखाउने मन कसको हुन्न र ? पहिले-पहिले घरमा पेटभरि खान र लाउन दिन पनि सकिन्नथ्यो। पढ्न पठाउने पैसा कहाँ जुटाउनु ? गरिब भएपछि तोतेबोली नफुट्दै आफ्ना छोराछोरीलाई अरूका घरमा काम गर्न पठाउँथ्यौं। उनीहरूले कमाएको २-४ सय पनि आफैंले खर्च गर्थ्यौं। तर, अहिले घरमा खान-लाउन पुग्छ। त्यसैले छोराछोरी पढ्न पठाउन थालेका हौं।'

साप्ताहिक रूपमा समूहमा बस्दा र तरकारी खेतीबारे छलफल गर्दा पनि किसानले शिक्षाको महत्व बुझेका छन्। तालिम लिँदा र हाजिरी गर्दा नाम लेख्न नजानेको चोटले पनि धेरैले आफ्ना छोराछोरी पढ्न पठाउन थालेका हुन्। शिक्षित र अशिक्षितमा फरक पाएपछि किसानले अहिले गाउँका अन्यलाई पनि छोराछोरी पढाउन सम्झाउँदै हिँड्न थालेका छन्। पोहोर

*तरकारीबाट खान-लाउन पुग्ने भएपछि कर्महवाका किसानले अहिले आफ्ना छोराछोरीलाई पढ्न स्कुल पठाउन थालेका छन्। किसान वर्षेना पासी भन्छिन्, 'छोराछोरी पढाउने-लेखाउने मन कसको हुन्न र ? पहिले-पहिले घरमा पेटभरि खान र लाउन दिन पनि सकिन्नथ्यो। पढ्न पठाउने पैसा कहाँ जुटाउनु ? गरिब भएपछि तोतेबोली नफुट्दै आफ्ना छोराछोरीलाई अरूका घरमा काम गर्न पठाउँथ्यौं। उनीहरूले कमाएको २-४ सय पनि आफैंले खर्च गर्थ्यौं।*

सालदेखि तीनजना छोराछोरीलाई पढ्न पठाउन थालेकी किसान वर्षेना पासी भन्छिन्, 'यो सबै तरकारी खेतीले गर्दा भएको हो। नत्र खानाको जोहो गर्न नसक्ने हामीहरूले छोराछोरी पढाउनु आकाशको फल आँखा तरी मरजस्तै हुन्थ्यो।' उनी भन्छिन्, 'पैसै ठूलो कुरो रै'छ। अब त्यो समस्या छैन। हामीले भनेको कुरा सबैले मान्न थालेका छन्।'

आधुनिक तरिकाबाट तरकारी खेती गर्न सिकेका भूमिहीन किसान अहिले गाउँका अन्य किसानलाई पनि त्यसैगरी खेती गर्न सिकाउन थालेका छन्। जसले गर्दा एकला गाविसका धेरैजसो गाउँमा अहिले व्यावसायिक तरकारी खेती सुरु भएको छ। त्यसमध्ये कर्महवा त तरकारीबाट सबैभन्दा बढी आम्दानी गर्ने गाउँ बनेको छ। गाउँलेको एकैखाले भनाइ थियो, 'परम्परागत तरिकाबाट खेती गर्दाभन्दा आधुनिक तरिकाबाट खेती गर्दा आम्दानी दोब्बर बढी हुँदोरहेछ। हामीले जानेका थिएनौं, जान्यौं। दुई वर्षमै बदलियौं। हामी मात्रै किन ? गाउँका सबैले यस्तै खेती गरे त पूरै गाउँ धनी हुन्छ भनेर अरूलाई पनि सिकाउन थालेका हौं।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@yahoo.com

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो। सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं। यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं। यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं। र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं।

**सञ्चारिका समूह**